# स्थानिय राजपत्र

भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १६ मितिः२०८३/०२/०१


## भाग–२

## भानु नगरपालिका

कृषि क्षेत्रसंग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सुचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्ने उद्धेश्यको साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता वृद्धि गरी बढी भन्दा बढी सेवा प्रवाह तथा कृषकको माग सम्बोधन मार्फत समग्र कृषिको बिकास गर्नको लागि र यस नगरपालिकाको कृषि नीतिमा उल्लेखित कृषि उद्धमी, समुह, सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि संजाल मार्फत कृषि सूचना प्रवाह तथा प्रबिधि प्रचार प्रसार गर्ने र एक द्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्ने नीति कार्यन्वयन गर्न वान्छनीय भएकोले **कृषि संजाल कार्यन्वयन कार्यविधि, २०८३** स्वीकृत गरि लागु गरियको छ ।

# कृषि संजाल कार्यन्वयन कार्यविधि, २०८३

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम कृषि संजाल कार्यन्वयन कार्यविधि, २०८३ रहेको छ ।

(ख) यो कार्यविधि भानु नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)“नगरपालिका” भन्नाले भानु नगरपालिका भन्ने वुझ्नु पर्दछ ।

(ख)“वडा संजाल ” भन्नाले वडा स्तरमा गठन भएको कृषि संजाल भन्ने वुझ्नु पर्दछ ।

(ग) “नगर संजाल ” भन्नाले नगरस्तरमा गठन भएको कृषि संजाल भन्ने वुझ्नु पर्दछ ।

(घ) “संजाल ” भन्नाले कृषि सम्बद्ध सरोकारवाला संलग्न संस्था भन्ने बुझ्नु पर्दछ ।

(ङ) “सदस्य” भन्नाले कृषि संजालको सदस्यलाई जनाउने छ ।

(च) “सार्वजनीक निकाय” भन्नाले सरोकारवाला सरकारी संस्थालाई बुझाउनेछ |

(छ)“ सरोकारवाला” भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामग्री वितरक, कृषि उपज बिक्रेता, कृषि आबद् संघ संस्था आदि लाइ बुझाउछ |

(ज) “ कृषि शाखा” भन्नाले नगरपालिकाको कृषि बिकास शाखालाइ बुझाउनेछ |

(झ) “पशुपन्छी शाखा” भन्नाले भानु नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्नेछ ।

**३. उदेश्य :**

यस कार्यविधिका उद्धेश्य देहाय वमोजिम रहेको छ ।

"नगरपालिका भित्र कृषि क्षेत्रका माग संकलन गर्ने, नगर क्षेत्र भित्र हुन सक्ने संभावित ब्यवसायिक कृषि उत्पादन तथा आबस्यक कार्यक्रमको पहिचान गरि नगरपालिकालाई सुझाव पेस गर्ने, नगरपालिकाबाट संचालित कृषि कार्यक्रमको कार्यान्वयन गर्न र संचालित कार्यक्रमको अनुगमन को लागि सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।"

## परिच्छेद -२

## संजाल साधारण सदस्यता तथा कार्य संजाल गठन ।

४. **संजालको सदस्यः** संजालमा आवद्ध हुनको लागि कृषि संजालको सदस्यता लिनु पर्ने छ ।

५. संजालको साधारण सदस्यको लागि निवेदनः संजालमा आवद्ध रहन चाहनेले **अनुसूची -१** को ढांचामा वडा अध्यक्ष समक्ष निवेदन पेश गर्नु पर्ने छ ।

६. वडा कार्यलयले निवेदक कृषकलाई संजालको साधारण सदस्यको **अनुसूची -२** को ढाचा अनुसार प्रमाणपत्र उपलव्ध गराउने ।

७. प्रमाणपत्रः प्रत्येक साधारण सदस्यले वडास्तरीय कृषि संजालको सदस्यता लिनुपर्नेछ र प्रत्येक दुई वर्षको शुरूमा साधारण सदस्ताको प्रमाणपत्र नविकरण गराउनुका पर्ने छ । दर्ता भएको कृषि संजाललाई **अनुसुचि-३** र **अनुसुचि -४** बमोजिम प्रमाणपत्र प्रदान गराउने ।

८. वडास्तरीय कृषि संजाल कार्य समिति गठन :

नगरपालिकाको प्रत्येक वडामा भेग, बालि, कृषि का विभिन्न क्षेत्र समेटिने गरि आवश्यकता अनुसार **कम्तिमा ११** र **बढीमा २१** सदस्य सम्मको निम्नानुसारको कार्य संजाल रहने छ । जसमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुने छ । मुख्य ५ पदहरुमा कम्तिमा २ जना महिला हुनुपर्नेछ |

**संयोजक** — १ जना ,

**सहसंयोजक** — १ जना

**सचिव** — १ जना

**सहसचिब** — १ जना

**कोषाध्यक्ष** — १ जना

**सदस्य** —६ देखि १६ जना

**सल्लाहकार समिति** — वडा प्रमुख, क्षेत्र हेर्ने कृषि प्राबिधिक, पशु सेवा तथा स्वास्थ्य प्राविधिक र सम्बन्धित वडाको कृषि बिज्ञं हुनेछन | आवश्यकता अनुसार अन्य उपसमिति पनि बनाउन सकिनेछ |

९. वडास्तरीय कृषि संजाल कार्य संजाल छनौट प्रकृयाः

क. छनौट समिति : वडा कृषि संजाल छनौट निम्नानुसारको चार सदस्यले सहजीकरण गर्ने छ ।

**१. वडा अध्यक्ष**

**२. वडा सचिव**

**३. सम्वन्धित क्षेत्र हेर्ने कृषि प्राबिधिक**

**४. सम्वन्धित क्षेत्र हेर्ने पशु सेवा तथा स्वास्थ्य प्राविधिक**

ख. वडा कृषि भेलाको सूचनाः छनौट संजालले **न्यूनतम ५ दिन** अगाडी वडा कृषि भेलाको सूचना गर्ने छ । भेलामा उपस्थीत भएका साधारण सदस्यहरुवाट कार्य संजालको चयन हुने छ ।

१० . संजालमा रही कार्य गर्न आवश्यक योग्यता :

- कृषि संजाल व्याक्तीगत सदस्य वा संस्थागत सदस्यको लागि संस्थाको मंजुरी पत्र

- १८ बर्ष उमेर पुरा भएको  नेपाली नागरिक्

- स्वयंसेवाको भावना भई निस्वार्थ सेवा गर्न मन भएको

- कुनै किसिमको फौज्दारी अभियोग नलागेको ।

- सम्बन्धित क्षेत्रभित्र कम्तिमा १ रोपनी क्षेत्रमा कृषि उत्पादन गर्दै आएको, कृषि सामग्री बिक्रि वितरण गरेको वा  बजारिकरण गरको  वा तालिम प्राप्त व्यक्ती—

- वडा भित्र रहेका कृषि र खेती योग्य जमिनको जानकारी भएको

- पशुपालन व्यवसाय तथा पशु जन्य उत्पादन र बजारिकरण गरेको

- कुनै पनि सरकारी निकायमा कार्यरत नभयको, राजनीति दलको प्रमुख पदमा नभयको

- नगरपालीका भित्र रहेका सार्वजनीक निकायलाई तिर्नु पर्ने कर वा महसुल बाकी नरहेको ।

- वडा समितिले आवश्यक देखेमा निर्वाचित नगर सभा सदस्य समेत कृषक भएको भए संजालको संयोजक बन्न बाधा पर्ने छैन |

-कार्यसंजालमा रही सहयोग पुर्याउन चाहने संजालको सदस्यले अनुसूची — ३ अनुसारको सूचक पत्र भर्नु पर्ने छ ।

११. वडास्तरीय कृषि संजालको छनौटः

छनौट समितिले  सम्पुर्ण साधरण सदस्यबाट कृषि भेला गराई सर्वसहमतीबाट कार्यसंजाल चयन गर्ने छ । सर्वसहमती हुन नसकेको पदमा साधारण सदस्य मध्येबाट उमेद्वारी दिने र  साधारण सदस्यहरूबाट नै बहुमत प्राणाली द्वारा छनौट गर्न सकिनेछ वा वडा समितिले मनोनयन गरि समेत कार्य संजाल चयन गर्न सकिनेछ  ।

१२. प्रमाण पत्र उपलव्ध गराउने : छनौट भएका कार्य संजाल पदाधिकारीहरूलाई **अनुसूची - २** अनुसारको प्रमाण पत्र उपलब्ध गराउने ।

१३. नगर कृषि संजाल लागि सदस्य पठाउने : वडास्तरीय कृषि संजालको पहिलो वैठकले छनौट भएका पदाधीकारीहरू वा सदस्यहरू मध्येबाट १ जना नगरस्तरीय  कृषि संजालको लागि

निर्णयगरी नगरपालीका कृषि बिकास शाखा / पशुपन्छी तथा मत्स्य विकास शाखामा सिफारीस गरी पठाउने छ ।

१४. नगरस्तरीय कृषि संजाल गठन : नगरस्तरीय कृषि संजाल **१५ सदस्य** हुने छ । जसमा नगर भित्रका **१३ वडास्तरीय** कृषि संजाल कार्यसमितिबाट **१-१ जना** छनौट भई आउने छन र वाकि **२ जना** नगर प्रमुखले १ जना पशु क्षेत्रको कृषक र १ जना कृषि क्षेत्रको कृषक गरि २ जना मनोनित गरि समितिमा पठाईने छ ।

१५. नगरस्तरीय कृषि संजालको कार्यसमिति

| | |
|---|---|
| संयोजक | - १ जना |
| सह संयोजक | - १ जना |
| सचिव | - १ जना |
| कोषाध्यक्ष | -१ जना |
| सहसचिव | -१ जना |
| सदस्य | -१० जना |

सल्लाहकार समिति — नगर प्रमुख वा निजले तोकेको ब्याक्ति तथा कृषि तथा पशु क्षेत्रको बिज्ञ रहनेछन | समितिले आवश्यकता अनुसार अन्य उपसमिति बनाउन सकिनेछ |

१६. नगर कार्यसमिती गठन : नगर कृषि कार्य संजाल गठन गर्दा माथी उल्लेखित १३ जना सदस्यहरू मध्ये सर्बसम्मत बाट संयोजक, सहसंयोजक तथा सदस्यहरू चएन हुने छन । यदी सर्वसम्मत नभएमा उल्लेखीत १३ जना सदस्यहरू मध्येवाट बहुमतीय प्रणालीवाट नगर संजाल गठन हुने छ । नगर प्रमुखले १ जना पशु क्षेत्रको कृषक र १ जना कृषि क्षेत्रको कृषक गरि २ जना मनोनित गरि समितिमा पठाएको सदस्य मुख्य पदमा वस्न पाउने छैन, साधारण कार्य समिति सदस्यको रुपमा मात्र काम गर्नेछ ।

१७. संजाल गठन तथा क्षमता अभिबृदी को लागि नगरपालिका कृषि बिकास शाखा/पशुपन्छी तथा मत्स्य विकास शाखाले सहजिकरण गर्ने छ ।

१८. नगरपालिका तथा अन्य सरोकारवाला लाई जानकारी गराउने : कृषि विकास शाखा/पशुपन्छी तथा मत्स्य विकास शाखाले गठित नगर कृषि संजाल कार्य संजालको अनुमोदन नगर कार्यपालिका बाट गराइसकेपछि मात्र कार्यन्वयन गराउनु पर्नेछ ।

१९. वडा कृषि संजाल कार्यसमितिको काम कर्तव्य र अधिकार :

- वडा स्तरमा रहेका कृषि समूह, सहकारी, फर्म, किसान तथा अन्य सरोकारवाला संग समन्वय गरि समग्र कृषि क्षेत्र बिकासको लागि पहल गर्ने |

- वडा वासी कृषकहरूलाई प्राप्त सूचना प्रवाह गर्ने, वडा कार्यालयवाट कृषि संजालको व्यक्तीगत वा संस्थागत साधारण सदस्यता प्रमाणपत्र उपलव्ध गराउन सहयोग गर्ने ।
- साधारण सदस्यको प्रमाणपत्र नविकरण गर्ने ।
- साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क संकलन गरी कोषमा जम्मा गर्ने ।
- वडा कृषि संजाल कार्समितिको बैंक खाता मार्फत कोष संचालन गर्ने । कोषको लेखा परीक्षण गराउने ।
- वडा अध्यक्षवाट कोष खर्च कार्यबिधि स्विकृत गराई कोष ब्यवस्थापन गर्ने ।
- वडाका कृषिहरुको मूख्य मूख्य माग संकलन गरी वडा समिति, महानगर समिती र कृषि बिकास शाखामा मा पेस गर्ने ।
- वडामा कुन कृषि वस्तु व्यवसायीक रुपमा उत्पादन गर्न सकिन्छ नगर संजाललाई सल्लाह दिने ।
- वडा भित्र कृषि उत्पादनमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त नगर कृषि संजाल र नगरपालीका कृषि बिकास शाखामा जानकारी गरी समाधानको उपाय गर्ने गराउने ।
- नगरपालीका वाट कृषि संग संवन्धीत कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- नगरपालीकाबाट संचालित कृषि बिकास कार्यक्रम संचालनमा सहजीकरण गर्ने ।
- वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कस्टम हयारिंग केन्द्र आदि स्थापना गर्ने
- वडा स्तरमा नगरपालिका वा कुनै अनुमती प्राप्त संघ सस्थाको अनुरोधमा स्थानीय कृषकहरूको लागि कृषि प्रसार कार्यक्रम संचालन गर्ने ।
- नगरपालिका वा अन्य संस्थावाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी वडा कार्यालय, नगर र कृषि शाखालाई जानकारी गराउने ।
- वडा स्तरमा नियमित रुपमा खाद्य सुरक्षा अवस्था बिश्लेषण गर्ने |

२०. नगरस्तरीय कृषि संजाल कार्य समितिको काम कर्तव्य र अधिकार :

- भानु नगरको कृषि नीति तथा बार्षिक कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने |

- वडास्तरीय  कृषि संजालबाट संकलन भएका मागहरूको बिश्लेषण गरी अती महत्वपुर्ण कार्यको प्राथमिकता तोकी महानगरपालिका कृषि बिकास शाखामा पेश गर्ने ।
- नगरपालीकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारिस गर्ने
- नगरपालीका वाट कृषि संग संवन्धीत कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- नगरपालीकावाट संचालीत कृषि कार्यक्रमको अनुगमन गरी गराई भुक्तानीको लागी सिफारीस गर्ने ।
- नगर भित्र कृषि बिकास तथा प्रबर्धनको लागि आवस्यक पर्ने कार्यक्रम को लागि सम्बन्धित निकाए संग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्यांक को आधारमा महानगरको खाध्य सुरक्षा अवस्था बिस्लेषण गर्ने |

२१. वडास्तरीय  कृषि संजाल वैठक : समिती गठन पछि मासिक  रूपमा वस्ने छ साथै वडास्तरिय कृषि संजालका संयोजक, वडा अध्यक्ष, नगर कृषि शाखा / पशुपन्छी तथा मत्स्य विकास शाखाको अनुरोधमा वा आवश्यकता अनुसार बैठक वस्न सक्ने छ ।

२२. नगरस्तरीय कृषि संजाल वैठकः  नगरस्तरीय  कृषि संजाल बैठक गठन पछी मासीक रूपमा वस्ने छ साथै नगर संयोजक वा नगर कृषि शाखा/ पशुपन्छी तथा मत्स्य विकास शाखाको अनुरोधमा वा आवश्यकत अनुसार वस्न सक्ने छ ।

२३. संजाल कार्यसमिति दर्ता : वडा स्तरीय कृषि संजाल नगर कृषि विकास शाखा/ पशुपन्छी तथा मत्स्य विकास शाखामा  दर्ता गर्ने र प्रमाणपत्र उपलब्ध गराउने साथै सो को जानकारी सम्बन्धित वडा कार्यालयमा गरिनेछ | नगर स्तरीय कृषि संजालको दर्ता भानु नगरपालिका कार्यालयमा गरिनेछ । वडा स्तरिय कृषि संजाल नगर कृषि विकास शाखा/ पशुपन्छी तथा मत्स्य विकास शाखामा दर्ता गर्दा तपशिल कागजपत्र संगलग्न राखि गर्न सकिने छ ।
- कार्यविधिको दफा ८ बमोजिमको गठन भएको माइनटको प्रतिलिपी
- वडा कार्यालय को दर्ताको सिफारिस
- संजाल दर्ताको लागि निवेदन (संयोजकले )
- गठन गरेको संजाल दर्ता गर्नाको लागि नगरपालिकामा कुनै किसिमको दस्तुर लाग्ने छैन ।

२४. संजालको कार्य समिति अवधीः वडा र नगर स्तरीय कृषि संजाल कार्य अवधी २ वर्षको हुने छ ।

२५. नियमित कृषि कार्यमा वाधा नहुने : नगरपालीकाबाट संचालित नियमित कृषि तथा पशु विकास कार्यक्रम संचालनमा  कृषि संजालका कारणले मात्र कार्यक्रम संचालनमा बाधा हुने छैन ।

२६. कार्यबिधिमा संशोधन : आवश्यकता अनुसार नगर कार्यपालिकावाट कार्यबिधि संशोधन गर्न सकिने छ ।

अनुसूची १

मिति

श्रीमान वडा अध्यक्ष ज्यू

,...................नं. वडा कार्यालय,

भानु नगरपालिका , तनहु

बिषयः कृषि संजालको साधारण सदस्यता पाऊँ ।

महोदय,

उपरोक्त सम्वन्धमा म/हामी  कृषि संजाल कार्यान्वयन कार्यवीधि, २०८३ अनुसार संजालको साधारण सदस्यको रूपमा रही कार्य गर्न इच्छुक भएकोले तपशिलको बिवरण खुलाई निवेदन दिएको छु/छौ ।

तपशिलः

१. व्यक्ती साधारण सदस्यले उल्लेख गर्नेः

क)जम्मा परीवार संख्याः .............महिला...........पुरूष...........

ख)१८  वर्ष भन्दा मुनीकोः  .............

ग) १८  वर्ष भन्दा माथिकोः.................

२ घर मुलीको मूख्य पेसाः

३ परीवारको नाममा रहेको जमीन (क्षेत्रफल)

| सि.नं | खेत | पाखो | भडामा लिएको जग्गा | जम्मा जग्गा | सिंचित जग्गा | असिंचित जग्गा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४ सालबसाली गर्दै आएको मूख्य व्यवसाय - (कृषि, पशुपालन, कृषि बजारिकरण, व्यवसाय, सेवा प्रदायक, कृषि सामाग्री उत्पादक, प्लाष्टिक घर विवरण समेत )

| सि.नं | व्यवसायको नाम | ह्लालको अवस्था क्षेत्रफल, संख्या, साइज खुलाउने | बार्षिक लगानी रु | बार्षिक आम्दानी रु | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५. संस्थागत साधारण सदस्यले भर्ने :

संस्थामा आवद्ध घर परीवार संख्याः ..........महिला..........पुरूष.......

निवेदकको नामः

ठेगाना

टोलः

सम्पर्क नं

## अनुसूचीः२

**(साधारण सदस्यलाई उपलब्ध गराउने प्रमाण पत्रको ढांचा)**

**भानु नगरपालिका**

**.........नं. वडा कार्यालय**

कृषि संजालको साधारण सदस्यताको

**प्रमाणपत्र**

भानु नगरपालिका कृषि संजाल, कार्यान्वयन कार्यबिधि, २०८३ अनुसार तपाई श्री...............................................................लाई ..........नं. वडाको कृषि संजालको साधारण सदस्यताको

यो प्रमाणपत्र उपलव्ध गराईएको छ ।

................... मिति...................... ..........................

वडा सचिवः वडा अध्यक्ष

(नोटः यो प्रमाणपत्र प्रत्येक दुइ बर्षमा नबिकरण गर्नु पर्दछ ।)

नबिकरण

| आर्थीक वर्ष | दस्तुर रु | नविकरण गर्ने अधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूचीः ३ (वडा कृषि संजाल कार्यसमितिको लागि नमूना प्रमाण-पत्र)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि बिकास शाखा \पशुपन्छी तथा मत्स्य विकास शाखा
कृषि संजाल दर्ता प्रमाण-पत्र

भानु नगरपालिका अन्तर्गत कृषि संजाल कार्यन्वयन कार्यबिधि २०८३ अनुसार वडा न.........को ............ पदाधिकारीहरू रहेको वडा कृषि संजाल कार्यसमितीको आ.ब..............................देखि आ.ब...........................सम्म (२ वर्षे कार्यकालको लागि) कार्यबिधि अनुसार कार्यसमिती संचालन गर्न हुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

--------------------------------- ---------------

कृषि प्राविधिक/ पशु सेवा प्राविधिक

कृषि बिकास शाखा /पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख

मिति :

**अनुसूचीः ५ (महानगर कृषि संजालको लागि नमूना प्रमाण-पत्र**

## भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कृषि संजाल दर्ता प्रमाण-पत्र


भानु नगरपालिका अन्तर्गत कृषि संजाल कार्यान्यन कार्यबिधि २०८३ अनुसार ........सदस्यीय पदाधिकारीहरू रहेको **नगरस्तरीय कृषि संजाल** कार्यसमितीको आ.ब................देखि आ.ब...................सम्म (२ वर्षे कार्यकालको लागि)

---------------------------                ---------------

प्रमुख प्रशासकीय अधिकृत                नगर प्रमुख

कार्यबिधि अनुसार संजाल संचालन गर्न हुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

मिति :


समग्र कृषि बिकास/ पशुपन्छी तथआ मत्स्य विकासको खाका, निति, ऐन, कार्यविधी तयार गर्न सहयोग गर्ने । सहभागितात्मक रुपमा बार्षिक योजना छनौट, अनुगमन तथा मुल्यांकन गर्ने । कार्यक्रम कार्यन्यवनको क्रममा देखा परेका समस्या समाधानको लागि पहल गर्ने । सेवा प्रवाहामा प्रभावकारिता, कुशलता, पारदर्शिता र जवाफदेयिता कायम राख्ने ।
नगर कृषि बिकास कार्य दल
२ जना प्रतिनिधित्व हुने
नगर स्तरीय कार्यक्रम माग, अन्य संघ संस्था संग समन्वय, जनचेतनामुलक कार्यक्रम संचालन, कृषिको समग्र बिकासको लागि योजना सहित पृष्ठ पोषण, नीति, ऐन, कार्यविधि, अनुगमन, मल्यांकनमा सहयोग
नगर स्तरीय कृषि संजाल ( १ )
योजना छनौटको समयमा वडा तहमा कृषि कार्यक्रम माग पेश गर्ने, नियमित तथ्याक संकलन, सूचना संचार, वडा स्तरको कार्यक्रम संचालन सहजीकरण,एक द्वार प्रणाली मार्फत कृषि कार्यक्रम संचालन, अनुगमन तथा पृष्ठपोशण मा
वडा स्तरीय कृषि संजाल ( १३ )
सूचना
समस्या, कार्यक्रम माग
कृषि उधमी
कृषि समूह
कृषि सहकारी
कार्यक्रम माग, कार्यक्रम संचालन, उत्पादन, बजारीकरण
कृषि सेवा, उपज, सामग्री वितरक
कृषि बिज्ञ वा स्रोत ब्याक्ति
कृषि संघ संस्था तथा अन्य सरोकारवाला निकाय